१

**कागेश्वरी मनोहरा नगरपालिकामा कार्यक्षेत्र भै नगरपालिकामा सञ्चालित सम्पूर्ण सहकारी संस्थाहरुलाई कागेश्वरी मनोहरा नगरपालिका, सहकारी शाखाको अत्यन्त जरुरी सूचना**

संघीय सहकारी ऐन, २०७४ मिति २०७४।०७।०१ मा राजपत्रमा प्रकाशन भै सबै सहकारी संघ संस्थाका हकमा लागू भैरहेको व्यहोरा समस्त सहकारी संघ संस्थाहरुलाई अवगत छदैंछ । सो ऐनको दफा ४८ र ४९ मा लेखा सुपरिवेक्षण समितिको गठन र सोको काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था गरेको छ । सो कानूनी व्यवस्थाको दफा उतार देहाय बमोजिम रहेको छ ।

---

"४८. लेखा सुपरिवेक्षण समितिको गठनः (१) सहकारी संस्थामा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न तोकिए बमोजिमको योग्यता पुगेको एकजना संयोजक र दुईजना सदस्यहरु रहने गरी साधारण सभाले निर्वाचनबाट लेखा सुपरिवेक्षण समिति गठन गर्नेछ ।

(२) एउटै परिवारको एकभन्दा बढी व्यक्ति एकै अवधिमा एउटै सहकारी संस्थाको सञ्चालक वा लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्ने छैन ।

४९. लेखा सुपरिवेक्षण समितिको काम , कर्तव्य र अधिकारः (१) लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रत्येक चौमासिकमा सहकारी संस्थाको आन्तरिक लेखापरीक्षण गर्ने, गराउने,

(ख) आन्तरिक लेखापरीक्षण गर्दा लेखापरीक्षणका आधारभूत सिद्धान्तको पालना गर्ने, गराउने,

(ग) वित्तीय तथा आर्थिक कारबारको निरीक्षण तथा मूल्यांकन गर्ने, गराउने,

(घ) समितिको काम कारबाहीको नियमित सुपरिवेक्षण गर्ने र समितिलाई आवश्यक सुझाव दिने,

(ङ) साधारण सभाको निर्देशन, निर्णय तथा समितिका निर्णय कार्यान्वयन भए नभएको अनुगमन गर्ने,

(च) लेखा सम्बन्धी प्रतिवेदन र समितिको काम कारबाहीको सुपरिवेक्षण सम्बन्धी वार्षिक प्रतिवेदन साधारण सभा समक्ष पेश गर्ने,

(छ) आफूले पटक पटक दिएको सुझाव कार्यान्वयन नभएको कारणबाट कुनै सहकारी संस्थाको हितमा प्रतिकूल असर परेमा वा त्यस्तो संस्थाको नगद वा जिन्सी सम्पत्तिको व्यापक रुपमा हिनामिना वा अनियमितता भएको वा संस्था गम्भीर आर्थिक संकटमा पर्न लागेकोमा सो को कारण खुलाई विशेष साधारण सभा बोलाउन समिति समक्ष सिफारिस गर्ने,

(ज) आवश्यक परेमा आन्तरिक लेखापरीक्षक नियुक्तिका लागि तीन जनाको नाम सञ्चालक समितिमा सिफारिस गर्ने ।

(२) लेखा सुपरिवेक्षण समितिको संयोजक सदस्य सहकारी संस्थाको आर्थिक तथा दैनिक प्रशासनिक कार्यमा सहभागी हुन पाउने छैन ।"

सहकारी ऐन, २०७४ सबै सहकारी संस्थाहरूका लागि बाध्यकारी रहेको छ । सहकारी ऐन,२०७४ बमोजिम माथि उल्लिखित लेखा सुपरिवेक्षण समितिलाई व्यवस्थित गर्ने भनी अनिवार्य गरिएकोले लेखा सुपरिवेक्षण समिति गठन तथा परिचालनसम्बन्धी माथि उल्लेखित कार्यहरु गराउनुहुन जानकारी गराइएको छ । पछि अनुगमन तथा अनुसन्धानका क्रममा त्यस्तो पाइएमा प्रचलित सहकारी ऐन बमोजिम कारबाही हुने व्यहोरा समेत जानकारी गराउँदै नगरवासी दाजुभाइ दिदीबहिनी सबैले यसै सूचनालाई आधार मानी आफू सदस्य रहेको सहकारी संस्थामा यी प्रावधान पालना गर्न लगाई संस्थाको दिगोपनाका लागि कानूनको पालनामा सहयोग गरिदिनुहुन समेत कार्यालय हार्दिक अनुरोध गर्दछ ।

२०७५।०४।१६

कागेश्वरी मनोहरा नगरपालिका

गिरीराज ... जोशी

प्रमुख प्रशासकीय अधिकृत